**4th of july**

**यो आकाशवाणी हो**

**शुरु गरौँ आजका मुख्य समाचारहरुबाट**

1. **प्रधानमन्त्रीले गर्नुभयो त्रिनिदाद र टोबैगोमा रहेका भारतीय समुदायलाई OCI कार्डको सुविधा घोषणा**
2. **गृहमन्त्रीद्वारा एनडीएमा पेशवा बाजीराव प्रथमको प्रतिमा अनावरण**
3. **NTAले गर्यो सीयूईटी 2025 को परिणाम सार्वजनिक**
4. **चिनियाँ एपमार्फत गरिएको ठगी प्रकरणमा ईडिले गर्यो मास्टरमाइन्ड पक्राउ**
5. **फिट इन्डिया सन्डे अन साइकलको 30औँ संस्करण देशभर 6 हजार स्थानमा आयोजना हुने**

**अब समाचार विस्तारमा**

**प्रधानमन्त्रीले गर्नुभयो त्रिनिदाद र टोबैगोमा रहेका भारतीय समुदायलाई OCI कार्डको सुविधा घोषणा**

प्रधानमन्त्री नरेन्द्र मोदीले त्रिनिदाद र टोबैगोमा भारतीय समुदायलाई सम्बोधन गर्दै भन्नुभयो कि त्यहाँको भारतीय मूलका नागरिकहरूको यात्रा साहस, संघर्ष र सभ्यताको गौरवपूर्ण इतिहासले भरिएको छ।
सम्बोधनका क्रममा उहाले भन्नुभयो की "तपाईंका पूर्वजहरू केवल प्रवासी थिएनन्, उनीहरू एक शाश्वत भारतीय सभ्यताको सन्देशवाहक थिए।" यस अवसरमा प्रधानमन्त्री मोदीले घोषणा गर्नुभयो की अब त्रिनिदाद र टोबैगोका भारतीय मूलका नागरिकहरू ओभरसीज सिटिजन अफ इण्डिया (OCI) कार्ड का लागि पात्र हुनेछन्। यस सुविधाले उनीहरूलाई भारतमा बिना कुनै प्रतिबन्ध बस्न, काम गर्न र अन्य अवसरहरूमा सहभागी हुन अधिकार दिनेछ। प्रधानमन्त्रीले भारतीय समुदायलाई आफ्नो पुर्ख्यौली भूमि भारत भ्रमण गर्न र सम्बन्ध अझ बलियो बनाउँन प्रोत्साहन गर्नुभयो।

श्री मोदी गएराति आफ्नो पाँचदिने विदेश भ्रमणको दोस्रो चरणमा त्रिनिदाद र टोबैगोको पोर्ट अफ स्पेन पुग्नु भएको थियो।

**प्रधानमन्त्री नरेन्द्र मोदी आज र भोलि अर्जेन्टिनाको भ्रमणमा**

प्रधानमन्त्री नरेन्द्र मोदी आज अनि भोलि अर्जेन्टिनाको भ्रमणमा रहनुहुनेछ। भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले अर्जेन्टिनाका राष्ट्रपति जेभियर मिल्लेईसँग भेटवार्ता गर्नुहुनेछ, जसमा व्यापार तथा आर्थिक सहकार्यलाई प्राथमिकता दिइनेछ। प्रधानमन्त्रीको यो भ्रमण विशेष रूपमा महत्वपूर्ण मानिएको छ, किनभने अर्जेन्टिना हालसालै आर्थिक सुधारका व्यापक कदमहरू अगाडि बढाइरहेको छ, जुन भारतले विगतमा अपनाएका सुधार उपायहरूसँग मेल खाने देखिन्छ।

**गृहमन्त्रीद्वारा एनडीएमा पेशवा बाजीराव प्रथमको प्रतिमा अनावरण**

गृहमन्त्री अमित शाहले आज पुणेस्थित राष्ट्रिय रक्षा अकादमी (एनडीए) परिसरमा महान मराठा सेनानी पेशवा बाजीराव प्रथमको प्रतिमाको अनावरण गर्नुभयो। यस अवसरमा मन्त्री शाहले बाजीरावको असाधारण नेतृत्व क्षमता र मातृभूमिप्रति समर्पणको स्मरण गर्दै भन्नुभयो कि थलसेना, जलसेना र वायुसेनाका भावी सैन्य अधिकृतहरूलाई प्रशिक्षण दिने एनडीए परिसरमा बाजीरावको प्रतिमा स्थापना अत्यन्त उपयुक्त छ। आफ्नो सम्बोधनमा मन्त्री शाहले भन्नुभयो "युद्धकला र रणनैतिक सिद्धान्तहरू कहिल्यै पुराना हुँदैनन्। देशभक्ति, समर्पण र बलिदान नै युद्धका अमूल्य वस्तुहरू हुन्।" उहाले विश्वास व्यक्त गर्नुभयो कि एनडीएका क्याडेटहरू पेशवा बाजीरावको प्रतिमाबाट राष्ट्रसेवाको प्रेरणा लिनेछन्। श्री शाहले भन्नुभयो , " श्री बाजीरावको साहसिक परम्परा हाम्रो युवा पुस्ताका लागि प्रेरणाको स्रोत बन्नेछ। छत्रपति शिवाजी महाराजको सपना जस्तै भारत निर्माण गर्नु हाम्रो जिम्मेवारी हो।

**2026-कोहज  का लागि आवेदन प्रक्रिया एक साताभित्र सुरु हुने : केन्द्रीय मन्त्री किरेन रिजिजू**

केन्द्रीय अल्पसंख्यक कार्य मन्त्री किरेन रिजिजूले जानकारी दिनुभएको छ की सरकारले 2026 का लागि हज आवेदन प्रक्रिया आगामी एक साताभित्र सुरु गर्ने तयारी गरेको छ। आज नयाँ दिल्लीमा सम्पन्न हज समीक्षा बैठकपछि मन्त्री रिजिजूले, इच्छुक आवेदकहरूलाई तोकिएको समयसीमा भित्र आवेदन पत्र बुझाउन आग्रह गर्नुभयो। उहाले भारतीय हज समितिलाई साउदी अरेबिया सरकारलाई आवश्यक भुक्तानी समयमै पठाउने व्यवस्था मिलाउन निर्देशनसमेत दिनुभएको छ। मन्त्री रिजिजूले 65 वर्षभन्दा बढी उमेरका हज यात्रीहरूको हेरचाहका लागि एक जना सहयात्री अनिवार्य रहने जानकारी दिनुभयो।. **byte** उहाका अनुसार, यस वर्ष सम्पन्न हज यात्रा, भारतको इतिहासमा अहिलेसम्मकै सबैभन्दा सफल रहेको बताउनु भयो।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**देशका विभिन्न भागमा भीषण वर्षापछि गृहमन्त्रीले गर्नुभयो  पाँच राज्यका मुख्यमन्त्रीसँग सम्वाद**

देशका विभिन्न भागमा जारी भीषण वर्षाको सन्दर्भमा केन्द्रीय गृहमन्त्री अमित शाहले आज गुजरात, हिमाचल प्रदेश, राजस्थान, उत्तराखण्ड र छत्तीसगढका मुख्यमन्त्रीहरूसँग टेलिफोन सम्वाद गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमार्फत गृहमन्त्री शाहले जानकारी दिँदै भन्नुभयो कि प्रभावित राज्यहरूमा आवश्यक संख्यामा राष्ट्रिय आपदा मोचन  बल (NDRF) का टोलीहरू परिचालन गरिएको छ, र आवश्यक परे थप टोलीहरू पनि पठाउन सकिनेछ।श्री शाहले सम्बन्धित राज्यका मुख्यमन्त्रीहरूलाई केन्द्र सरकारबाट सक्दो सहयोग प्रदान गरिने सुनिश्चित पनि गर्नुभएको छ।

**NTAले गर्यो सीयूईटी 2025 को परिणाम सार्वजनिक**

नेशनल टेस्टिङ एजेन्सी (NTA) ले आज कॉमन युनिभर्सिटी इन्ट्रेन्स टेस्ट – सीयूईटी 2025 को परिणाम सार्वजनिक गरेको छ। यो परीक्षा देशभरका विभिन्न केन्द्रीय विश्वविद्यालयहरू तथा अन्य शिक्षण संस्थानहरूमा स्नातक तथा स्नात-कोत्तर कार्यक्रमहरूमा भर्नाका लागि सञ्चालन गरिन्छ।

**चिनियाँ एपमार्फत गरिएको ठगी प्रकरणमा ईडिले गर्यो मास्टरमाइन्ड पक्राउ**

प्रवर्तन निर्देशनालय (ईडी) ले चिनियाँ एपमार्फत गरिएको निवेश ठगी प्रकरणमा संलग्न रहेको आरोपमा मास्टरमाइन्ड रोहित विजलाई पक्राउ गरेको छ। ईडीले रोहित विजसँग सम्बन्धित व्यापारिक संस्थाहरू र उहाका सहयोगीहरूका दिल्लीस्थित पाँच स्थानहरूमा छापा मारेर खोजी पनि गरेको छ।यो कारबाही हैदराबाद साइबर क्राइम युनिटले दर्ता गरेको एउटा एफआईआरको आधारमा गरिएको हो। सो प्राथमिकीमा उल्लेख गरिएअनुसार, भारत र चीनका केही व्यक्तिहरू मिलेर नक्कली एपमार्फत लगानीकर्तालाई ठगी गरिरहेका थिए।

**फिट इन्डिया सन्डे अन साइकलको 30औँ संस्करण देशभर 6 हजार स्थानमा आयोजना हुने**

फिट इन्डिया सन्डे अन साइकल कार्यक्रमको 30औँ संस्करण यस आइतवार देशभर 6 हजारवटा स्थानमा रेजिडेन्ट वेलफेयर एसोसिएसनको सहकार्यमा आयोजित हुने भएको छ। एकदिने यस अभियानमा 50 हजारभन्दा बढी व्यक्तिहरूले साइकिल चढेर प्रदूषण र मोटापनबाट मुक्त भारत निर्माणका लागि स्वस्थ जीवनशैलीको सन्देश दिनेछन्। नयाँ दिल्लीमा यो कार्यक्रम मेजर ध्यानचन्द राष्ट्रिय रंगशालामा आयोजना गरिनेछ। सोसल मिडिया पोस्टमार्फत युवा मामिला तथा खेलकुद मन्त्री मनसुख माण्डवियाले जानकारी दिँदै भन्नुभएको छ कि "फिट इन्डिया सन्डे अन साइकल" क्रमशः एक जन–आन्दोलनको रूपमा विकसित हुँदै गएको छ। उहाले सबै नागरिक तथा समुदायलाई यो अभियानमा सहभागी भई साइक्लिङ, योग र अन्य फिटनेस गतिविधिमा सामेल हुन आह्वान गर्नुभयो।

**आप महोत्सवको आयोजना**

नयाँ दिल्ली नगरपालिका परिषद (एनडीएमसी) ले भोलीदेखि दुईदिने आप महोत्सवको आयोजना गर्न लागेको छ। यो महोत्सव राजधानी दिल्लीको चाणक्यपुरीस्थित पालिका सेवा अधिकृत संस्थानमा सम्पन्न हुने छ। प्राप्त जानकारी अनुसार, महोत्सवमा देशका विभिन्न भागबाट ल्याइएका तीन सयभन्दा बढी प्रजातिका आँपहरू प्रदर्शनमा राखिनेछन्।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

1. **प्रधानमन्त्रीले गर्नुभयो त्रिनिदाद र टोबैगोमा रहेका भारतीय समुदायलाई OCI कार्डको सुविधा घोषणा**
2. **गृहमन्त्रीद्वारा एनडीएमा पेशवा बाजीराव प्रथमको प्रतिमा अनावरण**
3. **NTAले गर्यो सीयूईटी 2025 को परिणाम सार्वजनिक**
4. **चिनियाँ एपमार्फत गरिएको ठगी प्रकरणमा ईडिले गर्यो मास्टरमाइन्ड पक्राउ**
5. **फिट इन्डिया सन्डे अन साइकलको 30औँ संस्करण देशभर 6 हजार स्थानमा आयोजना हुने**